कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल वैशाख ५ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-१ र अनुसूची-२ मा हेरफेर गरी सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने |
| | कर्णाली प्रदेश सरकारका मन्त्रालय वा आयोगमा सचिवको पद रिक्त भएमा कर्णाली प्रदेश सरकारको कुनै सचिवलाई रिक्त रहेको मन्त्रालयवा आयोगको सचिवको रुपमा समेत कामकाज गर्ने गरी प्रमुख सचिवको सिफारिसमा मुख्यमन्त्रीले तोक्ने। |
| भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय | कर्णाली प्रदेश लोकमार्ग सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल बैशाख १७ गते आइतबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशन मिति २०८०/०१/१७ गते आइतबार राती १२:०० बजेदेखि अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल जेठ ४ गते बिहिबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको दोस्रो अधिवेशन मिति २०८०/२/१० गते बुधबार दिनको ३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १.एक जिल्ला एक पर्यटकीय उपज (खाराजनयुद्धसंग्रहालय) को लागि रुकुम पश्चिम जिल्लाको लाँलिगुराँस सामुदायिक वन अन्तर्गतको १.२ हेक्टर राष्टिय वनको जग्गा कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नाममा प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने।<br>२. वन ऐन, २०७६ को दफा ४२ को उपदफा (५) बमोजिम वन विकासको लागि जग्गा व्यवस्था गर्न आवश्यक पर्ने रकम कर्णाली प्रदेश सरकारले उपलब्ध गराउने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०८० साल जेठ १४ गते आइतबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं. ७ निवासी श्री ऋषी खनाललाई दोहोरो सुविधा नपाउने गरी कर्णाली प्रदेश योजना आयोगको सदस्यमा नियुक्ति गर्ने। |
| भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश सहकारी नियमावली, २०८० स्वीकृत गर्ने। |
| भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय | अस्थायी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली स्वीकृति गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेशस्तरीय लघुवित्त वित्तीय संस्था स्थापना गर्न स्वीकृती लिने सम्बन्धमा। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल जेठ २० गते शनिबारको बैठकबाट भएका निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | क) प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रदेश सभामा पेश गर्न स्वीकृत गर्ने।<br>ख) कर्णाली प्रदेश (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ३२ को खण्ड (घ) र कर्णाली प्रदेश सभा नियमावली, २०७९ को नियम ३७ बमोजिम प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा माननीय प्रदेश प्रमुखलाई जानकारी गराई उक्त वार्षिक नीति तथा कार्यक्रम मिति २०८०/०२/२१ गते आइतबार दिनको ३:०० बजे प्रदेश सभामा प्रस्तुत गरिदिन अनुरोध गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल असार १ गते शुक्रबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८० लाई स्वीकृति प्रदान गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक विधेयक, २०८० र कर्णाली प्रदेश विनियोजन विधेयक, २०८० प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |